नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर

(.............................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल

प.सं.: ०८२/८३
च.नं.: ६०९

मिति:- २०८३।०२।२१
ने.सं. ११४६ अनालागा ४, बिहीबार

विषयः- थप सूचना।

सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि स्टलको तयारी एवम् कार्यक्रम सञ्चालन सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आयोजना र वीरगंज महानगरपालिका एवम् वीरगंज उद्योग वाणिज्य संघ, पर्साको समन्वय एवम् सहकार्यमा मधेश प्रदेश भित्रका युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यक्रम सञ्चालन देहाय बमोजिमको मिति, स्थान र समयमा हुने हुँदा मिति २०८३।०२।१२ गतेको सूचनालाई थप स्पष्ट पारिएको हुनाले स्टार्टअप व्यवसायीहरूलाई तपसिल बमोजिम उपस्थितिका लागि अनुरोध छ।

तपसिलः-

- कार्यक्रम आयोजना हुने मिति;- २०८३।०२।२५ गते विहान ८:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म।
- स्थानः- टाउन हल, वीरगंज महानगरपालिका १०, आदर्शनगर, पर्सा।
- स्टल व्यवस्थापनः- स्टार्टअप व्यवसायीहरूले मिति २०८३।०२।२४ गते बेलुका ५:०० बजेभित्र व्यवस्थापन गरिएको स्टलमा बस्तु तथा सेवा एवम् सामग्रीहरुको व्यवस्थापन गरिसक्नुपर्नेछ।
- स्टार्टअप व्यवसायी प्रति स्टल बढीमा ५ जनाका लागि खाजा र खानाको व्यवस्था छ।
- स्टार्टअप व्यवसायीहरूलाई यस कार्यालयबाट उपलब्ध गराइने स्टलमा राख्ने ब्यानरको व्यवस्था व्यवसायी स्वयमले गर्नुपर्नेछ।
- थप जानकारीका लागि सम्पर्क फोन नम्बर ९८६३४६५५५६

प्रदर्शनीमा मूल्याङ्कन गर्ने आधारहरू निम्ननुसार रहनेछन्।

क. आकर्षक स्टल,

ख. कच्चा पदार्थको आपूर्तिको व्यवस्था,

ग. स्रोत साधनको उपलब्धता,

घ. उत्पादित वस्तु तथा सेवाको प्रदर्शनी,

ङ. आर्थिक व्यवस्थापन,

च. उत्पादन, उत्पादन प्रक्रिया, बजारीकरण, रोजगारीको अवस्था,

प्रशासकीय प्रमुख

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर
(..............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल

प.सं.:
च.नं:

मितिः- २०८३।०२।२१
ने.सं. ११४६ अनालागा ४, बिहीबार

छ. नवप्रवर्तन (नयाँपन/फरकपन)को अवस्था

ज. प्रविधिको सिर्जनात्मक प्रयोगको अवस्था

झ. बजार विस्तार (Scale Up)र स्थायित्वको संभावना,

ञ. लाभान्वित जनसंख्याको व्यापकता,

ट. सम्बन्धित स्थान/समाजसँगको सान्दर्भिकता,

ठ. prototype/MVPरहे/नरहेको,

ड. आर्थिक/सामाजिक योगदान तथा जोखिमको विश्लेषण,

ढ. अवलोकनकर्ताको आकर्षण,

ण. टोलीको सीप अनुभव एवम् क्षमता,

त. बजारको माग, आपूर्ति, भावी कार्ययोजनासहितको तथ्य/तथ्याङ्कमा आधारित प्रस्तुतीकरण

<u>वोधार्थः</u>

श्री वीरगंज महानगरपालिका, पर्सा - सूचना तथा समन्वयका लागि।

श्री वीरगंज्य उद्योग वाणिज्य संघ, पर्सा - सूचना तथा समन्वयका लागि।

२०८३/२/२१

गेहनाथ गौतम
प्रशासकीय प्रमुख